**बैठक संख्याः १/२०७९/०८०**

**मितिः २०७९/०४/३१**

**समयः बिहान ११:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | सचिव/ प्र.प्र.अ. | गाउँ कार्यपालिकाको कार्यालय |
| **अन्य** | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

### बैठक सं. १/०७९-८० मिति २०७९।०४।३१ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरुः**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| २ | सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी सम्बन्धमा | |
| ३ | वार्षिक प्रगति समीक्षा प्रतिवेदन सम्बन्धमा | |
| ४ | वैकल्पिक ऊर्जाका लागि लाभग्राही छनौट सम्बन्धमा | |
| ५ | योजना तथा कार्यक्रम भुक्तानी सम्बन्धमा | |
| ६ | उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि सम्बन्धमा | |
| ७ | सुरक्षित नागरिक आवास कार्यक्रम लाभग्राही सर्वे सम्बन्धमा | |
| ८ | कार्यक्रम/आयोजना बैंक अद्यावधिक सम्बन्धमा | |
| ९ | कार्यसम्पादन करार सम्बन्धमा | |
| १० | नीति तथा कानून तर्जुमा सम्बन्धमा | |
| ११ | आन्तरिक यातायात खर्च मापदण्ड सम्बन्धमा | |
| १२ | डोमेन नाम दर्ता सम्बन्धमा | |
| १३ | शिक्षक अनुदान व्यवस्थापन कार्यविधि सम्बन्धमा | |
| १४ | सडक मर्मत सम्भार खर्च सम्बन्धमा | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०७९।०४।२९
पद : प्र.प्र.अ.

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

<u>*बैठक सं. १/०७९/०८० मिति २०७९।०४।३१ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा*</u>

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
चौवाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**<u>निर्णय नं. १:</u>**

भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्र/कार्यालयहरुबाट २०७९ साउनसम्म सम्पादित सेवाहरुको समीक्षा गरियो । सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सेवा प्रवाह सम्बन्धी तालिम सञ्चालन गर्ने, कार्यालयमा ल्याइएको अनलाईनमा आधारित राजस्व प्रणाली, सिफारिस प्रणाली, अभिलेख तथा प्रतिवेदन, अडियो वडापत्र र गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाउने निर्णय सर्वसम्मतिले गरियो ।

**<u>निर्णय नं. २:</u>**

सार्वजनिक सेवा प्रवाहलाई गुनासोरहित र प्रभावकारी बनाउन कार्यालयको पूर्ववत् निर्णयानुसार वडा कार्यालयको सूचना अधिकारी सम्बन्धित वडाको वडा सचिव र वडा सचिव नभए अन्य प्राविधिक कर्मचारी, वडाको प्रारम्भिक गुनासो सुन्ने अधिकारी सम्बन्धित वडा अध्यक्षलाई तोक्ने, गुनासो सुनुवाई संयन्त्र स्थापनाका साथै वडा कार्यालय, स्वास्थ्य चौकी/स्वास्थ्य सेवा केन्द्रहरुमा समेत सम्बन्धित कार्यालय प्रमुखले सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी तोकी सूचना अधिकारीको विवरण अनिवार्य सार्वजनिक गर्ने गराउने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिले गरियो ।

**<u>निर्णय नं. ३:</u>**

भूमे गाउँपालिकाले आर्थिक वर्ष २०७८।०७९ मा सम्पादित सेवा र कार्यहरुको वार्षिक प्रगति समीक्षा सम्पन्न भई पेश भएको प्रगति समीक्षा प्रतिवेदन स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

**<u>निर्णय नं. ४:</u>**

वैकल्पिक ऊर्जाको पहुँच नपुगेका र पहुँच विस्तार गर्न कठिन भएका तपसिल बमोजिमका विपन्न घरधुरीमालाई वैकल्पिक ऊर्जा पहुँचका लागि सौर्य ऊर्जा (४० वाट) जडानका लागि ४२ घरधुरी लाभग्राही छनौट गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**<u>तपसिल</u>**

| क्र.सं. | लाभग्राहीको नाम थर | वडा नं. | टोल | कैफियत |
|---|---|---|---|---|
| १ | भक्त बहादुर पुन | ८ | कुचिबाङ | |
| २ | चन्द्र बहादुर सुनार | ८ | कुचिबाङ | |
| ३ | प्रेम कुमारी कामी | ८ | कुचिबाङ | |
| ४ | हिमाल रोका | ८ | कुचिबाङ | |
| ५ | चमार वि.क. | ८ | कुचिबाङ | |
| ६ | गोविन्द वि.क. | ८ | कुचिबाङ | |
| ७ | सुकविर कामी | ८ | कुचिबाङ | |



निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति : २०७९।०४।३१
पद : प्र.प्र.अ.

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १/०७९-८० मिति २०७९/०४/३१ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

| | | | | |
|---|---|---|---|---|
| ८ | चन्द्र रोका | ८ | कुचिबाङ | |
| ९ | राज कुमार रोका | ८ | कुचिबाङ | |
| १० | कर्मधन कामी | २ | खाबाङ | |
| ११ | सेमु बुढा | २ | डाङ्गबाङ | |
| १२ | धनिमान दमाई | २ | भलाबाङ | |
| १३ | बल बहादुर दमाई | २ | भलाबाङ | |
| १४ | कर्मजित बुढा | २ | गाबाङ | |
| १५ | धनसरी कामी | २ | काँक्री | |
| १६ | नन्द बहादुर पुन | २ | खाबाङ | |
| १७ | आस बहादुर घर्ती | २ | गाबाङ | |
| १८ | सम्पूर्ण रोका | ६ | स्याला पोखरा | |
| १९ | भुलै बुढा | ६ | कुटरबाङ | |
| २० | गोपे बुढा | ६ | महत विक्री | |
| २१ | टङ्करे बुढा | ६ | टङ्कर | |
| २२ | रुजी बहादुर बुढा | ६ | कोर्जाभै | |
| २३ | सुकमान रोका | ६ | नाखे | |
| २४ | मनविर रोका | ६ | स्याला | |
| २५ | ओम बहादुर रोका | ६ | स्याला | |
| २६ | धनमता पुन | १ | रुजिखोला | |
| २७ | लिला बहादुर पुन | १ | गरबाङ बालुवा | |
| २८ | टेकविर घर्ती | १ | काजी | |
| २९ | लुद्र बहादुर घर्ती | १ | काजी | |
| ३० | डिलसाई घर्ती | १ | काजी | |
| ३१ | भागिता घर्ती | १ | काजी | |
| ३२ | लुद्र बहादुर घर्ती | १ | काजी | |
| ३३ | विमला विश्वकर्मा | ७ | गुनाम | |
| ३४ | जिते पुन | ७ | गुनाम | |
| ३५ | जयराम दमाई | ७ | धर्मशाला | |
| ३६ | आस बहादुर रोका | ७ | लाबाङ | |
| ३७ | भिम बहादुर डाँगी | ७ | भित्रीवन | |
| ३८ | आस नेपाली | ७ | धर्मशाला | |
| ३९ | देउकुमार बुढा | ७ | गुनाम | |
| ४० | दल बहादुर खत्री | ७ | भित्रीवन | |



निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०७९/०४/२९
पद : प्र.प्र.अ.

| | | | | |
|---|---|---|---|---|
| ४१ | फर्के बुढा | २ | खुर्पाकोट | |
| ४२ | | ८ | कुचिबाङ | |

**निर्णय नं. ५:**

स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०७९।०३।१२ को निर्णयानुसार मिति २०७९।०३।११ राती आएको भारी वर्षा र वर्षापछिको बाढीका कारण जोखिममा रहेको भूमे २ खाबाङबगर वस्तीमा विपद् अल्पीकरणका लागि निर्माण गरिएको बाँध निर्माण कार्य सम्पन्न भइसकेकाले स्वीकृत लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन बिल बमोजिम भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ६:**

चालु आर्थिक वर्ष २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम शीघ्र कार्यान्वयनका लागि भूमे गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (संशोधन सहित) बमोजिम सार्वजनिक खरिद प्रक्रियामा उपभोक्ता समिति वा लाभग्राही समुदायको सहभागिता अभिवृद्धि गरी रोजगारी सृजना गर्ने भूमे गाउँपालिकाको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

खर/फुसको छाना विस्थापन गर्ने नेपाल सरकारको उद्देश्य बमोजिम सुरक्षित नागरिक आवास कार्यक्रमका लागि हालसम्म जस्ता/कर्कट पाटाका छाना नभएका विपन्न व्यक्तिहरुको वडागत सूची भाद्र मसान्तभित्र तयार गरी सम्बन्धित वडा कार्यालयमार्फत कार्यविधिमा तोकिए बमोजिम सर्वे तथा एकीकृत सूची तयार गर्ने कार्य तत्काल अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ८:**

भूमे गाउँपालिकाको गुरुयोजना तथा प्रथम आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि गाउँपालिकामा हाल भएको आयोजना बैंकलाई वस्तुगत बनाउन सबै वडा कार्यालयहरुले आयोजना तथा कार्यक्रमहरुको यकिन तथा पहिचान गरी निर्धारित ढाँचामा वि.सं. २०७९ भाद्र मसान्तभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा पेश गरिसक्ने र असोज मसान्तभित्र कार्यक्रम आयोजना बैंक अद्यावधिक गरी स्वीकृत गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं. ९:**

गाउँपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयन तथा लक्ष्य प्राप्तिका लागि पालिकाको समग्र कार्य प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन करार सम्झौता गरी सोही आधारमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा/कार्यालय प्रमुखबीच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति:
पद:

*भूमे गाउँपालिका, रुकुम (पूर्व)*

*बैठक सं. १/०७९-८० मिति २०७९।०४।३१ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा*

**निर्णय नं. १०:**

गाउँपालिकाका लागि आवश्यक तपसिल बमोजिमका ऐन कानून तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गरी कानून तर्जुमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल**

क) भूमे गाउँपालिकाको शिक्षा नीति
ख) भूमे गाउँपालिकाको कृषि नीति
ग) भूमे गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन विधेयक
घ) भूमे गाउँपालिकाको औद्योगिक व्यवसाय सम्बन्धी विधेयक
ङ) भूमे गाउँपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयक
च) भूमे गाउँपालिकाको संस्था दर्ता सम्बन्धी विधेयक
छ) भूमे गाउँपालिकाको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी विधेयक

**निर्णय नं. ११:**

भूमे गाउँपालिका केन्द्रमा आयोजना हुने विभिन्न तालिम, गोष्ठी लगायतका विभिन्न कार्यक्रम र कार्यालय प्रयोजनका लागि सहभागीहरुको आतेजाते खर्च व्यवस्थापनका लागि **भूमे गाउँपालिकाको आन्तरिक यातायात खर्च मापदण्ड, २०७९** स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. १२:**

भूमे गाउँपालिकाको गतिविधि तथा क्रियाकलापहरुको प्रकाशन, अभिलेखालय तथा विभिन्न प्रणालीहरु एकद्वारमा व्यवस्थित गर्न र अन्तर्गतका कार्यालयहरुको एकीकृत वेब पोर्टल निर्माण गर्न भूमे गाउँपालिकाको नाममा www.bhume.com.np डोमेन दर्ताका लागि मर्कन्टायल कम्युनिकेशन प्रा.लि. काठमाडौं समक्ष अनुरोध गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं. १३:**

भूमे गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा पालिकास्तरीय शिक्षक अनुदान व्यवस्थापन गर्न बनेको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:**

भूमे गाउँपालिका अन्तर्गतका विभिन्न मितिमा आएको भारी वर्षात् तथा पहिरोका कारण अवरुद्ध भएको सडकको मर्मत गर्दा मेसिन लगबुक वा प्राविधिक बिल बमोजिमको खर्च स्वीकृत कार्यक्रमको सडक मर्मत शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति :
पद : प्र.प्र.अ.